# <u>रघुगंगा गाउँपालिकाको विनियोजन ऐन २०७७</u>

**प्रस्तावनाः**

रघुगंगा गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनिय भएकोले, नेपालको संविधानको धारा २२९ को उप–धारा(२) बमोजिम रघुगंगा गाउँपालिकाको गाउँ सभाबाट स्वीकृत भइ  रघुगंगा गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्न विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन ऐन २०७७ कार्यान्वयनमा आएको छ ।

**संक्षिप्त नाम र प्रारम्भः**(१) यस ऐनको नाम "रघुगंगा गाउँपालिका गाउँ विनियोजन ऐन,२०७७"रहेको छ ।

(२)यो सभाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

**<u>२. आर्थिक वर्ष २०७७/०७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः</u>**

(१) आर्थिक वर्ष २०७७/०७८ को निमित्त गाउँका वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालु खर्च, पूँजीगत खर्च, शसर्त अनुदान र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ३९,७४,३५,२४०/– अक्षरुपी ३९ करोड ७४ लाख ३५ हजार २ सय चालिस मात्र मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजनः (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७/०७८ को निमित्त रघुगंगा गाउँपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको नितित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बच हुने शीर्षकबाट नपुग हने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा

बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च व्याज जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकका बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पुंजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृत लिनु पर्नेछ ।

अनुसूची १

(दफा २ संग सम्बन्धित नेपालको संविधानको धारा २२९ (२) बमोजिम

सञ्चित कोषबाट विनियोजन हुने रकम

रकम रु मा

| क्र.स. | शीर्षकको नाम | चालु खर्च | पुंजीगत | शसर्त अनुदान | जम्मा |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| २ | गाउँपालिका | २८,१९,४५,२४०/- | ११,५४,९०,०००/- | १७,९१,००,०००/- | ३९,७४,३५,२४०/- |
| ३ | विषयगत शाखा | | | | |
| ४ | ऋणको सावा व्याज भुक्तानी | ० | ० | ० | ० |
| ५ | लगानी (शेयर/ऋण) | ० | ० | ० | ० |
| ६ | कुल जम्मा | | | | |

उल्लिखित रकममा सामाजिक सुरक्षा भत्ता रकम तथा जनसहभागिता वापत हुने रकमलाई समावेश गरिएको छैन ।